# प्रेस वक्तव्य

१२ नोभेम्वर २०१४ (२०७१ कात्तिक २६)

## कतार : आप्रवासीहरु उपरको ज्यादती अन्त्य गर्न वर्ल्डकप अघि गरिनु पर्ने प्रयासहरु 'निरासाजनक तवरले अपर्याप्त'

आप्रवासी श्रमिकहरुको अधिकारमाथि व्यापक मात्रामा भैरहेको शोषणलाई सम्बोधनको पहल गर्ने कार्यमा कतारी निकायहरु निरासाजनक तवरले पछि परेको कुरा एम्नेस्टी इन्टरनेसनलले जनाएको छ । सन् २०२२ को विश्वकप अघि आप्रवासी श्रमिकहरुमाथि हुने शोषण रोक्न कतार सरकारले सृङ्खलावद्ध सुधारको घोषणा गरेको छ महिना पछि एक ब्रिफिङ्ग (संक्षिप्त प्रतिवेदन) सार्वजनिक गर्दै एम्नेस्टी इन्टरनेसनले उक्त कुरा बताएको हो ।

*अतिरिक्त समय नथपियोस् : विश्वकप अघि श्रमिकहरुको अधिकार संरक्षणमा कतार कसरी अझसम्म विफल भैरहेको छ (No Extra Time: How Qatar is still failing on workers' rights ahead of the World Cup)* विषयक सो ब्रिफिङ्गले आप्रवासी श्रमिकहरुको अधिकारको ज्यादतीमा सहायक भैरहेका संयन्त्रहरुमा सुधार गर्न कतार सरकार कसरी असफल भएको छ र मे २०१४ मा घोषणा गरिएका कयौं योजनामा कसरी नगन्यमात्र प्रगती हासिल भएको छ भन्ने विषयलाई उजागर गरेको छ ।

"समय छिटोछिटो बित्दै छ । कतारले वर्ल्डकप आयोजना गर्ने बिडिंग जितेको चार वर्ष भैसक्यो, जसले कतारप्रति विश्वव्यापी आकर्षण बढेको पनि छ । तर आप्रवासी श्रमिकहरु उपर हुने ज्यादतीको विषयमा भने केवल सुधार गरिनेछ भन्ने प्रतिवद्धता र मस्यौदा कानुन बनाउने भन्दा बढी केही हुन सकेको छैन," एम्नेस्टी इन्टरनेसनलका शरणार्थी तथा आप्रवासीहरुको अधिकार सम्बन्धी विभागका प्रमुख सरीफ एल्सायद-अलीले भन्नुभयो ।

"वर्ल्डकप प्रतिस्पर्धाको जग जबर्जस्ती श्रम र शोषणका बीच निर्माण हुन हामी दिंदैनौं भन्ने सुनिश्चित गर्न तत्काल कार्य थाल्न आवश्यक छ ।"

कतारमा आप्रवासी श्रमिकहरुको अधिकारका दृष्टिकोणले महत्वपूर्ण ठानिएका त्यहाँका अधिकारीहरुले व्यक्त गरेका नौ वटा प्रमुख प्रतिवद्धताहरुलाई यस ब्रिफिङ्गले विश्लेषण गरेको छ । ती मध्ये पाँच वटा प्रतिवद्धताका विषयमा कुनै पनि प्रगति भएका छैनन् भने बाँकी चारवटामा सिमित वा आंशिक मात्र प्रगतीहरु भएका छन् ।

"वर्ल्डकप अघि नै आफ्ना कामकारवाहीहरुलाई सुधार गर्ने भनी पटकपटक प्रतिवद्धता व्यक्त गरेतापनि देशबाट बाहिरीनका लागि अनुमति आवश्यक पर्ने (Exit Permit) प्रणाली वा ज्यादतीको प्रमुख कारकको रुपमा रहेको स्पन्सरसीप प्रणालीलाई सुधार्ने जस्ता अत्यन्तै महत्वपूर्ण विषयहरुमा परिवर्तन गर्नेतर्फ भने कतार सरकारले काम थालनी नै गरेको देखिँदैन," सरीफ एल्सायद-अलीले भन्नुभयो ।

बाहिरीनका लागि अनुमति आवश्यक पर्ने (Exit Permit) प्रणाली अन्त्य गर्न एम्नेस्टी इन्टरनेसनलले कतार सरकारलाई पटक पटक आह्वान गर्दै आएको छ । यस प्रणालीले आप्रवासी श्रमिकहरुको अधिकारको ठाडै उल्लंघन गर्ने मात्र नभई आप्रवासी श्रमिकहरुको आवतजावत गर्ने अधिकारमा अंकुश लागउन रोजगारदाताहरुलाई मौका प्रदान गर्दछ । यसका कारण आप्रवासी श्रमिकहरु जोखिमपूर्ण बन्धनमा पर्ने र देश छाडेर जान नपाउने हुनाले उनीहरु गम्भीर शोषणमा पर्न सक्दछन् ।

स्पन्सरसीप वा "कफाला" प्रणाली अन्त्य गर्नका लागि पनि एम्नेस्टी इन्टरनेसनलले आह्वान गर्दै आएको छ । यो त्यस्तो प्रणाली हो जसले श्रमिकहरुलाई तिनका रोजगारदाताहरुको बन्धनमा पारिदिन्छ र जबर्जस्ती श्रमको अवस्था सीर्जना गर्न मद्दत पुर्‍याउँछ ।

आप्रवासी श्रमिकहरुको तलव भुक्तानीमा ढिलाई, अमानवीय तवरले वा जोखिमपूर्ण स्थितिमा काम गर्नु पर्ने अवस्था, आवासको दयनीय अवस्था र जबर्जस्ती श्रमका कहाली लाग्दा विवरणहरु तथा घरेलु आप्रवासी श्रमिकहरु विरुद्ध शारीरिक

एवं यौनजन्य हिंसा जस्ता कतारमा आप्रवासी श्रमिकहरुमाथि हुने गरेका शोषणकारी अभ्यासहरुलाई गएको एक वर्षमा एम्नेस्टी इन्टरनेसनलले आफ्ना दुईवटा प्रतिवेदनमा उल्लेख गरेको छ ।

सञ्चारमाध्यमहरुको आलोचनात्मक प्रतिवेदनहरु र एम्नेस्टी इन्टरनेसनल तथा अन्य मानवअधिकार संस्थाहरुको दवावका कारण उत्पन्न भएको अन्तर्राष्ट्रिय विरोध पश्चात् कतार सरकारले ज्यादतीका आरोपहरुको बारेमा अनुसन्धान गर्नका निम्ति डिएलए पाइपर नामक एक ल फर्मलाई नियुक्त गरेको थियो ।

मे २०१४ मा डिएलए पाइपरले एउटा विस्तृत प्रतिवेदन तयार गरी कतार सरकारलाई धेरैवटा सिफारिसहरु गरेको थियो । त्यस प्रतिवेदनले पनि स्पन्सरसीप प्रणालीको आलोचना गरेको थियो ।

डिएलए पाइपरले प्रतिवेदन दिएको लगत्तै कतार सरकारले स्पन्सरसीप एवं Exit Permit प्रणालीलाई परिवर्तन गर्ने लगायत सृङ्खलागत सुधारहरु गर्ने घोषणा गर्‍यो । यसका अलावा श्रमिकहरुले काम छाडेर गएमा कम्तिमा दुई वर्षसम्म कतार आउन नपाउने विद्यमान कानुनी व्यवस्थालाई पनि खारेज गर्ने घोषणा गरिएको थियो । एम्नेस्टी इन्टरनेसनलको विचारमा सुधारका लागि भनी गरिएका ती घोषणा एउटा असफल प्रयास मात्र हुने थियो किनकी त्यसले आप्रवासी श्रमिकहरु उपर व्यापक मात्रामा भैरहेको ज्यादतीको चुरो कुरालाई सम्बोधन गर्ने थिएन । त्यसमाथि पनि प्रस्तावित ती सुधारका सिमित कामहरु कार्यान्वयनै भएनन् ।

यसका अतिरिक्त न्याय प्राप्तिका लागि प्रयास गर्ने श्रमिकहरुका माझ रहेका व्यवधानहरु हटाउन र निर्माण क्षेत्रमा कार्यरत श्रमिकहरुको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा रहेका गम्भीर समस्याहरु समाधान गर्नका लागि मे महिनादेखि सरकारले गरेका प्रयासहरु पनि अपर्याप्त सावित भए ।

"मे महिनामा गरिएका केही सीमित घोषणाहरु छ महिना बितिसक्दा पनि आंशिक रुपमा मात्रै कार्यान्वयन भएका छन् । समग्रमा भन्दा हालसम्म चालिएका कदमहरु निरासाजनक तवरले अपर्याप्त रहेका छन्," सरीफ एल्सायद-अलीले भन्नुभयो ।

"मानवअधिकारको अवस्था सुदृढीकरण गर्ने कुरामा रहेको कमजोरीलाई चाँडो गरेर सम्बोधन गर्नमा असफलता प्रदर्शन गरेर कतारले आफ्नो विश्वसनीयतालाई जोखिममा पारेका छ र मानवअधिकारप्रतिको उसको प्रतिवद्धता उपर प्रश्नहरु उठ्ने अवस्था सिर्जना गराइरहेको छ," सरीफ एल्सायद-अलीले भन्नुभयो ।

स्पन्सरसीप प्रणालीमा विस्तृत सुधारको आवश्यकता रहेको सन्दर्भ र कतारको श्रम कानुनले मानवअधिकारप्रतिको उसको दायित्व पूरा गर्न सक्ने गराउन एम्नेस्टी इन्टरनेसनल कतारलाई निम्न अनुसार लगायतका ठोस एवं प्रारम्भिक कदमहरु चाल्न आह्वान गर्दछ :

- Exit Permit प्रणालीलाई पूर्ण रुपमा खारेज गर्न;
- आप्रवासी श्रमिकहरुको मृत्युको कारणहरुका बारेमा स्वतन्त्र छानवीन प्रारम्भ गर्न;
- रोजगारदाताहरु विरुद्ध अदालतमा मुद्दा चलाउन चाहने श्रमिकहरुका लागि अवरोधको रुपमा रहेको कानुनी शुल्क लिने व्यवस्था हटाउन;
- शोषणमा संलग्न रोजगार व्यवसायी र रोजगारदाताहरुको नाम सार्वजनिक गर्न;
- अरु श्रमिकहरुलाई झैं घरेलु श्रमिकहरुलाई पनि उनीहरुको श्रम अधिकार संरक्षण गर्न त्यहाँको कानुनले समेट्ने व्यवस्था गर्न ।

यी र यस्तै विषयहरु सम्बोधन गर्न कतारले चाल्ने कदमहरुलाई एम्नेस्टी इन्टरनेसनल आगामी छ महिनामा पनि नजिकबाट नियालेर हेर्नेछ ।

सार्वजनिक दस्तावेज
****************************************

थप जानकारीका लागि मध्यपूर्व तथा उत्तर अफ्रिकी क्षेत्र हेर्ने प्रेस अधिकृत सारा हसासलाई फोन नं. ४४ २०७ ४१३ ५५११ वा इमेल sara.hashash@amnesty.org मा वा बेलायतको लण्डनस्थित एम्नेस्टी इन्टरनेसनलको प्रेस अफिसको फोन नं. ४४ २० ७४१३ ५५६६ इमेल press@amnesty.org ट्वीटर @amnestypress मा सम्पर्क गर्नुहोस् ।

एम्नेस्टी इन्टरनेसनल, अन्तर्राष्ट्रिय सचिवालय, 1 Easton St., London WC1X 0DW, UK